खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल
स्था : २०७३

खिजीदेम्वा गाउँपालिकाको दशौं गाउँ सभामा मिति २०७८ असार १० गते बिहिबार गाउँपालिका अध्यक्ष श्री वेद बहादुर रोकाले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०७८/०७९ को

# वार्षिक नीति तथा कार्यक्रम

खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल

**श्री गाउँपालिकाको उपाध्यक्षज्यू तथा**
**गाउँ सभाका सदस्यज्यूहरु,**

आज मिति २०७८ साल असार १० गतेका दिन खिजीदेम्वा गाउँपालिकाको दशौँ गाउँ सभामा गाउँपालिकाको अध्यक्षको हैसियतले गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवान्वित महसुस गरेको छु । यस अबसरमा सम्पूर्ण खिजीदेम्वा गाउँपालिकाबासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाईहरुप्रति हार्दिक आभार व्यक्त गर्दै सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका खातिर विभिन्न कालखण्डमा भएका नेपालको ऐतिहासिक, राजनैतिक जनआन्दोलन तथा संघर्षहरुमा आफ्नो प्राण उत्सर्ग गरी सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति खिजीदेम्वा गाउँपालिका परिवार तथा सम्पुर्ण खिजीदेम्वा गाउँपालिकाबासीहरुको तर्फबाट हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

खिजीदेम्वा गाउँपालिकाको दशौँ गाउँ सभा सम्म आई पुग्दा विगत  वर्ष देखि हामीले यस गाउँपालिकामा **"खिजीदेम्वा गाउँपालिकाको लक्ष्य विकास, संमृद्धि र सुन्दर भविष्य"** भन्ने हाम्रो खिजीदेम्वा गाउँपालिकाको मुल लक्ष्यलाई साकार रुपमा परिणत गर्न गराउन खिजीदेम्वा गाउँपालिकामा स्थानीय सरकार गठन भए पश्चात आजको दिनसम्म यो चार बर्षको अबधिमा खिजीदेम्वा गाउँपालिकाले अगाडी सारेका नीति तथा कार्यक्रममा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा साथ, सहयोग र समन्वय गरी खिजीदेम्वा गाउँपालिकाको विकास एवं संमृद्धिको लागि विभिन्न रुपमा सहयोग गर्नुहुने सवै राजनैतिक दल, सरकारी तथा गैरसरकारी संघ संस्था, नागरीक समाज तथा आम खिजीदेम्वाबासी प्रति हार्दिक आभार एवं धन्यवाद अर्पण गर्दछु । संघीय सरकार, प्रदेश सरकार जिल्ला समन्वय समिति एवं विभिन्न तहमा नेतृत्व गर्नुहुने वर्तमान तथा पुर्व जनप्रतिनिधी ज्यूहरु, विभिन्न राजनैतिक दल त्यसमा आवद्ध राजनैतिक व्यत्तित्वहरु, सरकारी तथा गैर सरकारी राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु, समाजसेवी, विकास प्रेमी,नागरीक समाज आम खिजीदेम्वाबासीहरुको साथ, सहयोग, समन्वय तथा  हरेकले प्रत्यक्ष अप्रत्यक्ष रुपमा खिजीदेम्वा गाउँपालिकाको विकासका लागि पुर्याउनु भएको सहयोगका लागि खिजीदेम्वा गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

खिजीदेम्वा गाउँपालिका र यहाँका बासिन्दाहरुको स्वास्थ्य सुरक्षाका लागि विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि र त्यसबाट उत्पन्न विपद् व्यवस्थापनको कार्यमा राहात तथा उद्धारको कार्य लगाएत विभिन्न रुपमा आवश्यक सहयोग, समन्वय गर्नु हुने सवै संघ संस्थाहरु, व्यक्तिहरु कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि र राहात तथा उद्धारका लागि खिजीदेम्वा गाउँपालिकाको विपद् कोषमा नगद सहयोग जम्मा गरेर सहयोग गर्नुहुने सवै जनप्रतिनिधी र कर्मचारी बर्ग, समाजका विभिन्न क्षेत्रका सहयोग गर्नु हुने महानुभावहरुमा खिजीदेम्वा गाउँपालिका एवं खिजीदेम्वा गाउँपालिकाबासीहरुकै तर्फबाट हार्दिक आभार तथा धन्यवाद अर्पण गर्न चाहान्छु ।

"खिजीदेम्वा गाउँपालिकाको लक्ष्य : विकास, समृद्धि र सुन्दर भविष्य" भन्ने मुल लक्ष्य अगाडी सारेर आ.व. २०७४।०७५ देखी हाल सम्म खिजीदेम्वा गाउँपालिकाले तत्कालिन आवश्यकता र दीर्घकालीन महत्वका कामहरुलाई अगाडी बढाउदै सडक, शिक्षा, स्वास्थ्य, संचार, खानेपानी, विद्युत आदी विकासका पूर्वाधारहरुको निर्माणको थालनी गरी यहाँ उपलब्ध प्राकृतिक स्रोत र साधनको उपयोग गरी संमृद्ध खिजीदेम्वा गाउँपालिका निर्माण गर्ने दिशा तिर यस गाउँपालिकालाई अगाडी बढाउन मार्ग प्रसस्त गर्ने कार्य गरीएको छ ।

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना भाइरस कोभिड १९ को कारण देशको आर्थिक क्रियाकलाप सामान्य रुपमा अगाडी बढ्न नसक्दा आर्थिक अबस्थामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा पर्ने गएको असर ले देशको कुल ग्राईस्थ उत्पादन एवं राजस्वमा कमि आई स्थानीय स्तरमा प्राप्त हुने बजेट तथा



खिजीदेम्वा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

वेद बहादुर रोका
गा.पा. अध्यक्ष

कार्यक्रम समेत प्रभावित भएको हुनाले यस आर्थिक बर्षकालागि कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रण र त्यसले आम सर्वसाधरणको जनजीवनमा पुर्याएको असरलाई यथासक्य संबोधन गर्नु पर्ने आवश्यकता देखा परेको छ भने अर्को तर्फ हामीले हाम्रा अपूर्ण योजनाहरुलाई पूर्णता दिने कार्यलाई समेत निरन्तरता दिनु परेको अबस्था छ । साधन र स्रोत सीमित छ, आवश्यकताहरु असीमित छन्, चुनौति धेरै छन् । यस्तो कठिन परिस्थितीमा हाम्रो आगामी आर्थिक वर्ष २०७८।०७९ को बार्षिक नीति तथा कार्यक्रम तयार पारी अगाडी बढाउनु निकै नै चुनौतिपुर्ण कार्य हुनेछ । निश्चय नै हाम्रा आगामी परिस्थिती जटिल छन्, चुनौति धेरै छन् तर हाम्रो साझा प्रयासबाट उपलव्ध स्रोत र साधनको उचित सदुपयोग गरी सबै प्रकारका चुनौतिहरुको सामना गर्न सक्छौ भन्ने सिंगो खिजीदेम्बा गाउँपालिकाको दृढ विश्वास रहेको छ । विगत देखि गरेका हाम्रा सारा विकास निर्माणका कार्यहरु र आजको दिन सम्म कोरोना भाईरस(कोभिड १९) को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि समेभ भए गरेका हाम्रा सबै कार्यहरु हामी सवैको साझा प्रयास तथा सहकार्य, समन्वय र एक अर्काको सहयोगकै परिणाम हुन । यसरी नै सबैको साथ र सहयोगबाट हामी हाम्रा आगामी दिनहरुमा आई पर्ने सबै चुनौतिहरुलाई पार गर्दै सिंगो खिजीदेम्वा गाउँपालिकाको विकासमा लागि पर्ने छौ भन्ने दृढ विश्वास लिएर यो सम्मानित गाउँसभा समक्ष खिजीदेम्बा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७८।०७९ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**श्री गाउँपालिका उपाध्यक्षज्यू तथा**
**गाउँ सभाका सदस्यज्यूहरु,**

- नेपालको संविधानले निर्देशित गरे बमोजिम केन्द्र, प्रदेश तथा स्थानीय सरकार बिच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तलाई आत्मासाथ गर्दै ***"खिजीदेम्वा गाउँपालिकाको लक्ष्य, विकास समृद्धि र सुन्दर भविष्य"*** को महान अभियानलाई सार्थकता प्रदान गर्ने दिशा तर्फ अग्रसर भई खिजीदेम्वा गाउँपालिकाको आगामि वर्षका सम्पूर्ण विकास निर्माणका क्रियाकलापहरु अगाडी वढाइनेछ ।
- कोरोना भाईरस(कोभिड १९)को विश्वव्यापी माहामारीले उत्पन्न गराउन सक्ने विपद्को सामना तथा मानव जिवन रक्षा गर्ने कार्यलाई प्रमुखता दिई संघ, प्रदेश र स्थानीय सरकारका बिच आवश्यक समन्वय र सहकार्य गरी छिमेकी जिल्ला तथा स्थानीय तहसंग समेतको समन्वयमा आम सर्वसाधारणको साथ र सहयोग जुटाई सबै प्रकारका उपायहरु अवलम्बन गरी यो भाईरस संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक कार्यहरु सञ्चालन गरिनेछ।
- संघ, प्रदेश र स्थानीय तहबाट प्राप्त स्रोत र साधनका साथै गैर सरकारी संस्थाहरु एवं दातृसंस्थाहरु समेतबाट आवश्यक स्रोत साधन जुटाई एक अर्काको साथ सहयोग समन्वय र सहकार्यमा सबै प्रकारका विकास निर्माणका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।
- गाउँपालिकाको विकास निर्माणका लागि सञ्चालन नगरी नहुने अत्यावश्यक तथा गाउँपालिकाको गौरवका रुपमा लिइने केही ठूला आयोजनाहरुलाई संघ र प्रदेश सरकार सगको बजेट साझेदारीमा निरन्तरता दिइनेछ ।
- आगामी आर्थिक वर्षमा सञ्चालन गरिने कार्यक्रमहरु मध्ये ठुला तथा गाउँपालिकाका गौरवका रुपमा रहेका आयोजनाहरुलाई आवश्यकताका आधारमा प्राथमिकीकरण गरी बहुवर्षीय आयोजनाको रुपमा सञ्चालन गरिने छ ।



खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल
स्था : २०७३

वेद बहादुर रोका
गा.पा. अध्यक्ष

- चालु आर्थिक वर्षमा राखिएका कार्यक्रमहरु तथा विगत देखि निरन्तर रुपमा आईरहेका कार्यक्रमहरु मध्ये खिजीदेम्वा गाउँपालिकाको लिखु भुसिंगा सडक कालोपत्रे गर्ने काम, प्रशासकीय भवनको निर्माणको काम, वडा नं.३ खिजीचण्डेश्वरीमा प्रसुती सेवा सहितको ५ शैयाको अस्पताल भवन निर्माणको कार्य, खिजीफलाटेमा ५ शैयाको आधारभूत अस्पतालको निर्माणको कार्यलाई निर्धारित समयमा समाप्त गर्न आवश्यक पहल तथा समन्वय गरिनेछ ।
- विद्युत विस्तारको कार्यलाई अगाडी बढाई यसै आर्थिक बर्ष भित्र खिजीदेम्वा गाउँपालिका खिजीफलाटेमा विद्युत आपूर्ती गराई निरन्तर गाउँपालिका भरी विस्तार गराउने कार्य गर्न आवश्यक समन्वय गरिनेछ ।
- थोलेदेम्वा पर्यटन पूर्वाधार निर्माणको कार्यलाई निरन्तरता दिदै थोलेदेम्वा हिलस्टेशनलाई खिजीदेम्वा गाउँपालिकालाई पर्यटकीय धातकको रुपमा विकास गराईने छ ।
- लाम्पाते, काचपु, छेर्मादिङ, भित्ते खानेपानी, आयोजनालाई सञ्चालन गदै राष्ट्रिय तथा स्थानीय खानेपानी आयोजना सञ्चालन गरी खानेपानी पहुँच नपुगेका वडाहरुमा खानेपानीको विस्तार गदै लगिने छ ।
- रोजगारी सिर्जना र अधिक संख्यामा रोजागारी उपलव्ध गराउन स्थानीय श्रमको सदुपयोग गरी काममा आधारीत राहात कार्यक्रम लागु गर्नका लागि आगामी आर्थिक वर्षमा गाउँपालिकामा सञ्चालन गरिने विकास निर्माणका कार्यहरुलाई सम्भाव्यताको आधारमा **७० प्रतिशत श्रममुलक र ३० प्रतिशत** यान्त्रिकरण हुने व्यवस्थालाई विगतका बर्षदेखिको कार्यक्रमलाई निरन्तरता दिदै लगिने छ ।
- गाउँपालिका लगायत सबै वडा कार्यालयहरुमा प्रवाह गरिने सार्वजनिक सेवालाइ विद्युतीय शासन प्रणाली E–governance system को अवधारणा अनुरुप विकास गरिदै लगिने छ ।
- विकास निर्माणमा स्थानीय समुदायहरुको अपनत्व महसुस गराउन समुदायको सहभागिता र श्रममा आधारित योगदानलाई प्रभावकारी रुपमा अगाडी बढाईने छ ।
- विकासको अभियानमा निजी तथा गैरसरकारी संघ सस्थाहरु र सहकारी क्षेत्रलाई आकर्षित गर्ने नीति अवलम्बन गरिने छ ।
- कृषि, पर्यटन तथा उच्च मुल्य बनस्पती(जडिबुटी) गूरुयोजना र बिभिन्न बिस्तृत परियोजना प्रतिवेदनमा समाबेश भएका कार्यक्रम सहित यस गाउँपालिकामा उपलव्ध जल जमिन, जंगल आदि प्राकृतिक स्रोत र साधनमा लगानी बढाउन **एकीकृत प्रोजेक्ट बैंक** निर्माण गरिने छ ।

## महामारी नियन्त्रण

- हाल विश्वभरी महामारीको रुपमा फैलिएको कोरोना भाईरस(कोभिड १९) को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि आवश्यक पुर्व सर्तकता अपनाउने कार्यक्रम सञ्चालन गरिने छ ।
- कोरोना भाईरस(कोभिड १९)को संक्रमण नियन्त्रण तथा उपचारका लागि टोल टोलमा पुगी एन्टिजेन तथा पि.सि.आर. परीक्षण, स्वास्थ्य परामर्श, आवश्यक औषधी वितरण, टेली मेडीसिन सेवालाई निरन्तरता दिइनेछ ।आवश्यक स्वास्थ्य उपकरण, स्वास्थ्य सामाग्रीको व्यवस्था गर्नुको साथै स्वास्थ्यकर्मीहरुलाई सुरक्षा प्रवन्ध मिलाई सेवामा सक्रिय गर्ने गराउने व्यवस्था गरिने छ ।

खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल
स्था : २०७३

- कोरोना महामारी सँग लड्न आवश्यक स्वस्थ्य उपकरण तथा सामाग्रीहरुको व्यवस्थापन गर्नका लागि प्राथमिकता दिईनेछ ।
- गाउँपालिकास्तरमा क्वारेनटाइनको निर्माण व्यवस्थापन र सञ्चालन गर्ने कार्य आवश्यकता अनुसार थप विस्तार गरिनेछ ।
- कोरोना भाईरसको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि भएको बन्दाबन्दीका कारणले अर्थात महामारीका काराण उत्पन्न हुन सक्ने मानवीय विपद्मा आवश्यक सहयोगको कार्यक्रम सञ्चालन गरिने छ ।
- देशमा विद्यमान बन्दाबन्दीको अवस्था रहि रहँदा उत्पन्न हुने विपद् र कोरोना भाईरस(कोभिड १९)को संक्रमणको कारण उत्पन्न हुन विपद्का लागि गाउँपालिकाले उच्च सतर्कता साथ आवश्यक राहात तथा उद्धारको कार्यक्रम गर्ने छ ।
- दैनिक रुपमा ज्याला मजदुरी गरी जिवीका गर्ने शारिरीक रुपमा तन्दुरुस्त सबल व्यक्तिहरुलाई **काममा आधारित रोजगार कार्यक्रम अन्तर्गत** श्रममा आधारित राहात कार्यक्रम उपलव्ध गराईने छ ।
- अति विपन्न  तथा साथ र सहयोग प्राप्त गर्न नसक्ने संरक्षण विहीन व्यक्तिहरुलाई उसको उद्धारको कार्यमा सहयोग गर्ने व्यवस्था गरिने छ ।
- कोरोना भाईरस(कोभिड १९) तथा अन्य महामारी रोकथाम तथा नियन्त्रण र विपद् व्यवस्थापनका लागि खिजीदेम्वा गाउँपालिकाको विपद् कोषमा आवश्यक बजेटको व्यवस्था गरी महामारी नियन्त्रण तथा विपद् व्यवस्थापनको कार्य सञ्चालन गरिने छ ।
- कोरोना महामारीको रोकथाम, नियन्त्रण र व्यवस्थापनमा अहोरात्र खटिने स्वास्थ्यकर्मी ,कर्मचारी,सुरक्षाकर्मीहरुको उच्च सम्मान गर्दै थप प्रोत्साहानको व्यवस्था मिलाईने छ ।

## पूर्वाधार विकास

### भवन निर्माण तर्फ

- सम्पूर्ण वडा कार्यालयहरुको पक्की भवन निर्माण कार्य अगाडी बढाइनेछ, भवन निर्माणाका लागि ठेक्का आव्हान गरी निर्माण कार्यलाई आगामी आर्थिक वर्षमा सम्पन्न गरिने छ । संघ सरकारको साझेदारीमा निर्माण हुने खिजीदेम्वा गाउँपालिकाको प्रशासकीय भवन तथा चणेश्वरीम निर्माणाधीन ५ शैयाको प्रसुती सेवा सहितको अस्पताल र खिजीफलाटेमा निर्माणाधीन ५ शैयाको आधारभूत अस्पताललाई आगामी आर्थिक वर्षमा सम्पन्न गरिने छ ।
- सवै प्रकारका धार्मिक तीर्थस्थल मठ मन्दिर, गुम्बा, चर्चहरुको निर्माण कार्यलाई प्राथमिकता दिइने छ ।
- स्वास्थ्य भवन नभएका वडाहरुमा **स्वास्थ्य भवन निर्माण गर्ने कार्यक्रम अन्तर्गत** चालु आर्थिक वर्षमा निर्माण सम्पन्न भएका स्वास्थ्य संस्था बाट आगामी आ.व. बाट स्वास्थ्य सेवालाई निरन्तरता दिइनेछ ।
- भूकम्पका कारणले क्षतिग्रस्त भएका विद्यालय भवनहरु पुन निर्माण गर्ने कार्यलाई तिव्रता दिई सबै विद्यालयहरुमा विद्यालय भवनहरुको व्यवस्था गर्न आवश्यक पहल गरिने छ ।
- आवश्यकताका आधारमा प्राथमिकता निर्धारण गरी वडागत रुपमा वडा कार्यालयबाट सामुदायिक भवन, आमा समुह भवन निर्माण गर्ने व्यवस्था मिलाईने छ ।

खिजीदेम्वा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खिजीफलाटे, ओखलढुंगा १ नं. प्रदेश, नेपाल स्था : २०७३



बहादुर रोका अध्यक्ष

## सडक पूर्वाधार विकास तथा यातायात सुविधाको विस्तार :

### "खिजीदेम्वा गाउँपालिका सडक यातायात र हवाई यातायात सहितको गाउँपालिका"

- खिजीदेम्वा गाउँपालिकाको विकास र संमृद्धिमा बहु आयामिक महत्व राख्ने गाउँपालिकाको गौरवको योजनाको रुपमा रहेको राजधानी र प्रदेशलाई जोड्ने खिजीदेम्वा गाउँपालिकाको लिखु भुसिंगा सडकलाई गाउँपालिकाले स्तरोन्नती गर्दै पक्कि सडक निर्माण कार्यको सुरुवात भईसकेको उक्त सडकलाई आगामी आ.व. बाट संघ, प्रदेश र खिजीदेम्वा गाउँपालिकाको सह लगानीबाट संचालन गर्ने योजना प्रदेश र संघबाट स्वीकृत भएकोले उक्त सडकको निर्माण कार्यलाई निरन्तरता दिइने छ ।
- जिल्ला सदरमुकाम जोड्ने सडक, छिमेकी गाउँपालिका जोड्ने सडक स्तरोन्नतीका साथै **"एक वडा एक मुल सडक"** को अवधारणा अनुरुप प्रत्यक वडा कार्यालयलाई गाउँपालिका सम्म जोड्ने सडक र सबै वडाका हरेक टोल बस्तीमा निर्माण भएका गाउँ सडक सञ्जालको स्तरोन्नती तथा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- हाल काठमाण्डौबाट खिजीदेम्वा गाउँपालिका खिजीफलाटे र काठमाण्डौबाट खिजीदेम्वा गाउँपालिकाको रगनी, खिजीकातीको सन्जावारी, वडा नं.७ र ८ को दोलु, भुसिंगा, वडा नं.६ को बन्से र वडा नं.९ को पाल्ले सम्म गरी ७ स्थानमा सञ्चालन भईरहेको सार्वजनिक बस यातायात सेवालाई सडक मार्ग स्तरोन्नती गरी आगामी आर्थिक वर्ष भित्रमा बाह्रै महिना चल्ने गरी दिगो बनाउन आवश्यक पहल गरिने छ । साथै खिजीदेम्बा गाउँपालिका खिजीफलाटे देखि जिल्ला सदरमुकाम ओखलढुंगाका लागि नियमित सडक यातायात सेवा सञ्चालन गर्नका लागि पहल गरिने छ ।

## ग्रामिण विद्युतीकरण : "खिजीदेम्वा गाउँपालिका उज्यालो गाउँपालिका"

- ग्रामिण विद्युतीकरण कार्यक्रम अन्तर्गत सुरु गरिएको केन्द्रिय विद्युत प्रशासण लाइन जडान गर्ने कार्यलाई आगामी आर्थिक वर्ष भित्र सम्पन्न गर्ने गरी खिजीदेम्वा गाउँपालिकाका सबै घरपरिवारमा केन्द्रिय विद्युत सेवा वा ग्रामिण माइक्रोहाईड्रो विद्युत सेवा उपलव्ध गराउनुका साथै आर्थिक रुपले विपन्न घरपरिवालाई निशुल्क दिँदै आइएको सौर्यउर्जा वितरण कार्यलाई निरन्तरता दिई सबै घरपरिवारमा विद्युतीय उज्यालो उपलव्ध गराइनेछ ।
- खिजीदेम्वा गाउँपालिका भएर बग्ने लिखु नदिबाट साना तथा ठुला जलविद्युत आयोजना सञ्चालन गर्न गराउन लगानीकर्ताहरुलाई आकर्षित गर्ने र आयोजना सञ्चालनमा आवश्यक सहजीकण गर्दै यस गाउँपालिकालाई जलविद्युत उत्पादनको गाउँपालिका बनाउन पहल गरिने छ ।

## सञ्चार तथा सूचना प्रविधि सेवा :

- यस खिजीदेम्वा गाउँपालिकाको सामुदायिक विद्यालय, स्वास्थ्य चौकी, वडा कार्यालयहरुलाई सूचना प्रविधिमैत्री बनाई सेवा प्रवाहमा प्रभावकारीता ल्याईनेछ ।
- आवश्यक टेलिफोन टावरको थप व्यवस्था गर्नुका साथै क्षमता बृद्धि गरी गाउँपालिका भित्रका सबै टोल बस्तीमा सञ्चार सेवा उपलव्ध गराउन आवश्यक पहल गरिनेछ ।
- गाउँ कार्यपालिकाको प्रवक्ता मार्फत गाउँ कार्यपालिकाले सम्पादन गरेका कार्य वा निर्णयहरु सार्वजनिक जानकारीमा ल्याउने व्यवस्था गरिनेछ ।

खिजीदेम्वा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खिजीफलाटे, ओखलढुंगा १ नं. प्रदेश, नेपाल



[signature] ...न्द्र बहादुर रोका ... अध्यक्ष

- गाउँपालिकाको बार्षिक प्रगति पुस्तिका र बार्षिक योजना तथा कार्यक्रमहरु प्रकाशन गरी सार्वजनिक गरिने छ ।
- गाउँ कार्यपालिकाको वेब साइट मार्फत गाउँपालिका सम्बन्धित सम्पूर्ण सूचनाहरु उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिइने छ ।
- प्रमुख प्रशासकीय अधिकृतले तोकेको सूचना अधिकारी मार्फत गाउँ कार्यपालिकाको कार्यालयसंग सम्बन्धित सूचना सरोकारवालाहरुलाई उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- खिजीदेम्वा गाउँपालिका खिजीफलाटे र प्रत्येक वडा कार्यालयमा सञ्चालनमा रहेको सुविसुको इन्टरनेट सेवा वा अन्य इन्टरनेट सेवाको व्यवस्था गरि इन्टरनेट सेवालाई आवश्यकता अनुसार गाउँपालिका भरी बिस्तार गरिने छ ।
- रेडियो, टेलिभिजन, स्थानीय एफ.एम.,पत्रपत्रिका आदिलाई तिनीहरुको विकासकालागि सहयोग पुग्ने कार्यक्रम सञ्चालन गरिने छ ।
- खिजीदेम्वा गाउँपालिकाका विभिन्न विकास आयोजना, कार्यक्रम तथा अन्य क्रियाकलापहरुलाई जनचेतनामुलक रेडियो तथा पत्रिका कार्यक्रम, टेलिभिजन कार्यक्रम, भिडियो डकुमेन्ट्री मार्फत आवश्यकता अनुसार प्रकाशन एवं प्रशारण गरिनेछ ।

## खानेपानी आपूर्ति

- गाउँपालिका भित्रका विभिन्न वडाहरुमा खानेपानी आयोजना सञ्चालन गर्न संघ तथा प्रदेश सरकारसंगको साझेदारीमा लाम्पाते खानेपानी आयोजना खिजीदेम्वा ७, काचपु खानेपानी आयोजन खिजीदेम्वा ८, फाप्रे छेर्मादिङ खसिपारे खानेपानी आयोजना खिजीदेम्वा ९,वडा नं. ६ को भित्ते लिफ्टीङ खानेपानी आयोजना,वडा नं. २ को सखमाडी खानेपानी आयोजना लगायतका विभिन्न स्थानमा खानेपानी आयोजना विस्तार तथा मर्मत सम्भार गरी खानेपानीको सहज आपूर्तिको लागि आगामी आ.व.मा कार्य सम्पन्न गरिनेछ ।
- **"एक घर एक धारा"** कार्यक्रमलाई निरन्तरता दिंदै खानेपानी अभाव भएका टोल वस्तीहरुमा खानेपानी कार्यक्रम सञ्चालन गरिने छ ।

## आर्थिक विकास : कृषि, पशुपंक्षी, उद्योग तथा वित्तीय क्षेत्र

## कृषि विकास तथा पशुपंक्षी तर्फ

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गरिने छ ।
- कृषकहरुको आयस्तरमा बृद्धि गर्न कृषिमा आधुनिकीकरण तथा यान्त्रीकरण गरी कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि गराउने कार्यक्रम सञ्चालन गरिने छ ।
- तरकारी तथा फलफुललाई पकेट प्याकेजको रुपमा खेती गर्ने व्यवस्था मिलाईने छ ।
- तरकारी खाद्यान्न जस्ता बालीहरुलाई अर्गानिक रुपमा खेती गरी "अर्गानिक गाउँपालिका" घोषणा गरिने छ ।
- खिजीदेम्वा गाउँपालिका आलु उत्पादनका लागि उर्भर भूमि रहेको हुँदा यस गाउँपालिकाको लेकाली भेकमा बुङ आलु खेती सञ्चालन तथा बेसी भेकमा पनि हिउदे आलु खेतिलाई प्रवर्द्धन गर्न पकेट क्षेत्रको रुपमा आवश्यक कार्यक्रम संचालन गरी आलु निकासीको गाउँपालिका बनाउन आवश्यक पहल गरीनेछ ।
- परम्परागत निर्वाहमुखि कृषि प्रणालीलाई आधुनिक व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गर्नका लागि आवश्यक कृषि कार्यक्रमहरु निरन्तरता दिइने छ ।

खिजीदेम्वा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खिजीफलाटे, ओखलढुंगा १ नं. प्रदेश, नेपाल स्था : २०७३

- उद्यम व्यवसाय प्रवर्द्धनका लागि उद्यमी तथा व्यवसायीहरुले बैंक तथा वित्तिय संस्थाबाट लिईएको ऋणमा लाग्ने कुल व्याजको **५० प्रतिशत व्याज छुट** दिने खिजीदेम्वा गाउँपालिकाको कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ ।
- मौरीपालन, फलफूल खेती, अलैची, बेमौसमी तरकारी कफी तथा चिया खेती जस्ता नगदे बाली र स्थानीय खाद्यन्न बालिलाई कृषि समुह, कृषि फर्म, कृषि सहकारी मार्फत पकेट क्षेत्र विकास गरी अर्गानिक खेतीको प्रवर्द्धन र विकासकाको कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि क्षेत्रप्रति युवा पुस्ताको आकर्षण बढाउन **कृषिमा युवा कार्यक्रम अन्तर्गत** युवा सम्मिलित कृषि व्यवसाय/कृषि फर्मलाई मागका आधारमा कृषि कार्यक्रममा आवश्यक सहयोग समन्वय तथा सहजिकरण गरिने छ ।
- प्रतिस्पर्धात्मक गुणस्तरीय कृषि जन्य बस्तुहरुको उत्पादनको प्रवर्द्धनकालागि वडा स्तर र गाउँपालिका स्तरमा कृषि मेला प्रर्दशनी गरी उत्कृष्ट उत्पादन गर्ने कृषकलाई पुरस्कृत गरिने छ ।
- कृषि तथा पशुपालन व्यवसायलाई आधुनिक व्यवसायिक बनाउँदै यस पेशामा भएका बेरोजगारी र अर्धबेरोजगारीलाई पूर्ण रोजगारीको प्रत्याभुत गर्न संघ, प्रदेश, गैर सरकारी संस्था एवं अन्य निकायहरुसँग सहकार्य गरिने छ ।
- लघु उद्यम विकास कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउनका लागि सिप विकास तालिम कार्यक्रम सञ्चालन गरी लघु उद्यमी सिर्जना गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।
- व्यापारीहरुलाई आफ्नो व्यावसाय सहज सञ्चालनका लागि दर्ता प्रकृया देखि नविकरण सम्मका कार्यहरुमा सहजीकरण गरिने छ ।
- स्थानीय खाद्यान्न बाली विकास कार्यक्रमलाई प्रर्वद्धन गरी कृषि उपज बृद्धि गराई खाद्यन्न आपूर्ति व्यबस्था मझबुत गराइने छ ।
- थोक तथा खुद्रा व्यापारीको रुपमा स्थानीय खाद्यान्न संकलन तथा भण्डारण गरी खाद्य उपयोगको लागि निरन्तर विक्री वितरण गर्ने व्यापार व्यावसायलाई प्रोत्साहन गरिने छ ।
- छरीएर रहेको पुँजी संकलन तथा बचत बृद्धि गरि पुँजी निर्माणको दर बृद्धि गर्नकालागि मौद्रिक कारोवार गर्ने बैंक तथा सहकारी संस्था आदि वित्तिय संस्थाहरुको विस्तार तथा उनीहरुको भूमिकालाई थप प्रभावकारी तथा सहज गराउन आवश्यक पहल गरिने छ ।
- कृषि संकलन केन्द्र तथा कृषि सहकारीको माध्यमबाट कृषि जन्य उत्पादनको बजारीकरण गर्दै स्थानीय उत्पादन प्रर्वद्धन गरिने छ ।
- खिजीदेम्वा गाउँपालिकामा किवी खेति प्रवर्दन तथा थप किवी खेति विकासको कार्यक्रम संचालन गरिनेछ ।

खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल
स्था : २०७३

## पर्यटन विकास

- खिजीदेम्वा गाउँपालिकालाई पर्यटनमैत्री गाउँपालिकाको रुपमा अगाडी बढाउनका लागि पर्यटकीय महत्व भएका विभिन्न प्राकृतिक, धार्मिक, ऐतिहासिक स्थल तथा भाषा, धर्म, संस्कृति, मठ मन्दिर, गुम्बा चर्चको संरक्षण गर्दै पर्यटन प्रवर्द्धनका लागि पुर्वाधारको विकास गरिदै लगिने छ ।
- नेपाल सरकारबाट गन्तव्य १०० को सूचीमा सूचीकृत पर्यटकीय स्थल थोलेदेम्बालाई प्रमुख आर्कषक पर्यटकीय गन्तव्य स्थलको रुपमा विकसित गर्नकालागि खिजीदेम्वा गाउँपालिकाले तयार गरेको थोलेदेम्बा पर्यटन प्रर्बद्धन बिस्तृत परियोजना प्रतिवेदनका आधारमा उक्त स्थानलाई थोलेदेम्वा हिलस्टेशन पर्यटकीय स्थल निर्माणका लागि योजनागत रुपमा संघ तथा प्रदेश सरकारसंगको सह लगानीमा पर्यटन पूर्वाधारका विभिन्न कार्यक्रमहरु क्रमश संचालन गर्दै लगि थोलेदेम्वा लाई एउटा आर्कषक पर्यटकीय स्थल बनाईनेछ ।
- ओखलढुंगा जिल्लाको उत्तर पश्चिम क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गराउन लिखु नदि समेत समेटिएको पोकली झरना, गौरीवन, चुलीदेवी, थोलेदेम्वा देखि पिके सोलुखुम्बु सहितको पर्यटकीय क्षेत्रकोरुपमा विकास गर्न एकीकृत कार्यक्रम माग गर्न सबै सरोकारवालाहरुको साझा प्रयासबाट आवश्यक पहल गरिने छ ।

## स्वास्थ्य, शिक्षा, बालबालिका तथा समावेशीकरण

### स्वास्थ्य

- खिजीदेम्वा गाउँपालिका खिजीफलाटेको स्वास्थ्य चौकीमा भिडियो एक्सरे, एक्सरे, ल्याव परिक्षण जस्ता महत्वपूर्ण स्वास्थ्य सेवाहरु सञ्चालन गरिनेछ ।
- आम सर्वसाधरणमा स्वास्थ्य सेवाको सहज पहुँच कार्यम गर्न यस गाउँपालिकाको ७ स्थानमा स्थापना भएका स्वास्थ्य इकाईहरुको सुदृढीकरण गर्नुका साथै स्रोत साधन एवं जनशक्तिको थप व्यवस्था मिलाईनेछ ।
- बालबालिका, गर्भवती तथा सुत्केरीहरुको पोषण अवस्थाको मुल्यांकन तथा कुपोषण उपचार लगायत मातृशिशु सुरक्षाको लागि **पोषण प्रवर्द्धनात्मक** कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- आम सर्वसाधरणको स्वास्थ्य रक्षाका लागि खिजीदेम्वा गाउँपालिकाभित्र स्वास्थ्य सेवा प्रदायक : अस्पताल तथा स्वास्थ्य चौकी, प्राथामिक स्वास्थ्य केन्द्र, स्वास्थ्य इकाई आदी स्वास्थ्य संस्थाहरुको दरबन्दी अनुसारको कर्मचारी व्यवस्थापन तथा आवश्यक पुर्वाधारहरुको व्यवस्था गरिदै लगिने छ ।
- खिजीदेम्वा गाउँपालिका खिजीफलाटेमा **५ शैयाको** आधारभूत अस्पताल निर्माण, वडा नं.३ खिजीचण्डेश्वरीमा निर्माणाधीन प्रसुती सेवा सहितको ५ शैयाको अस्पताल निर्माण कार्यलाई आगामी आ.व. मा सम्पन्न गरिनेछ ।
- खिजीदेम्वा गाउँपालिका भित्रका जेष्ठ नागरिक, अशक्त, अपांग तथा महिलाहरुको स्वास्थ्य जाँच तथा उपचारका लागि मागका आधारमा निशुल्क स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।
- आम सर्वसाधरणको स्वास्थ्य रक्षा एवं स्वास्थ्य सुरक्षाका लागि निशुल्क औषधी आपूर्ति व्यवस्था मझबुत गराईने छ ।
- स्वास्थ्य चौकीहरुको क्षमता अभिबृद्धिका लागि विभिन्न आधुनिक प्रविधि एवं उपकरणहरु व्यवस्थापन गरी आम सर्वसाधरणमा गुणात्मक स्वास्थ्य सेवा प्रवाह गर्ने कार्यका लागि सहज गराईने छ ।



खिजीदेम्वा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खिजीफलाटे, ओखलढुंगा १ नं. प्रदेश, नेपाल

... बहादुर रोका ...अध्यक्ष

- अति विपन्न घरपरिवारका विशिष्ट प्रकृतिका अशक्त संरक्षण विहिन अपाङ्ग नागरिकहरुको स्वास्थ्य रक्षा तथा उपचारका लागि निश्चित मापदण्ड बनाई औषधी उपचार खर्चको व्यवस्था गरिने छ ।
- महामारी फैलाउन सक्ने रोगहरुको निगरानी र नियन्त्रणको लागि निरोधात्मक र उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- **"स्वच्छ वातावरण स्वस्थ जिवन"** कार्यक्रम अन्तर्गत हरेक घर परिवार तथा टोल बस्तीमा स्वास्थ्य सरसफाई कार्यक्रम सञ्चालन गरिने छ ।
- प्रशुति सेवा विस्तार हुन तसकेका स्वास्थ्य चौकीहरुमा प्रशुति सेवा विस्तारको व्यवस्था मिलाईने छ ।

## शिक्षा युवा तथा खेलकुद विकास

- आधारभूत तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्यवस्तु निर्माण गरी कार्यान्वयनमा लगिने व्यवस्था गरिने छ ।
- कोभिड १९ का कारण उत्पन्न परिस्थितीमा सिकाई सहजीकरणका लागि शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरीनेछ ।
- विगत देखि सञ्चालित **बुहारी छात्रबृत्ति लगायतका जेहेन्दार, दलित, जनजाती, अल्पसंख्यक, विपन्न** विद्यार्थीहरुलाई छात्राबृत्ति कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- राष्ट्रिय शिक्षा नीति, ऐन नियम कानुनको अधिनमा रहि खिजीदेम्बा गाउँपालिकाको शिक्षा नीति तथा कार्यविधि लागु गरी सबै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर उच्च गराउँदै लगिने छ ।
- सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालनको कार्यक्रम थप गर्न, गराउन आवश्यक पहल गरिने छ ।
- उच्च शिक्षा अध्ययन अध्यापनको कार्यलाई व्यबस्थित गराईने छ ।
- विद्यालय बाहिर रहेका विद्यालय उमेरका सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना हुने वातावरण सिर्जना गरिने छ ।
- बालमैत्री तथा प्रविधिमैत्री शिक्षण सिकाई क्रियाकलापलाई जोड दिदै मातृभाषा पठनपाठनलाई निरन्तरता दिइने छ ।
- शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार शिक्षक तालिम तथा क्षमता अभिबृद्धिको कार्यक्रम सञ्चालन गरिने छ ।
- शैक्षिक गुणस्तर अभिबृद्धिका लागि विद्यालयलाई दिईदै आएको शैक्षिक गुणस्तर अभिबृद्धि कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- विद्यार्थीहरुको शैक्षिक गुणस्तर क्षमता पहिचानको प्रतिस्प्रर्धात्मक क्षमता विकासको कार्यक्रम सञ्चालन गरिने छ ।
- युवाहरुको शारिरीक मानसिक, संवेगात्मक क्षमताको विकास गर्नका लागि वडा तथा गाउँपालिका स्तरमा खेलकुद लगाएका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- संघ सरकारको घोषणा बमोजिम सामुदायिक विद्यालयमा कार्यरत बालकक्षा सहयोगी तथा विद्यालय कर्मचारी प्रोत्साहन कार्यक्रम अन्तर्गत थप मासिक पारिश्रमिक बृद्धिका लागि आवश्यक व्यवस्था गरिनेछ ।

खिजीदेम्बा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खिजीफलाटे, ओखलढुंगा १ नं. प्रदेश, नेपाल स्था : २०७३

वेद बहादुर रोका अध्यक्ष

## महिला बालबालिका तथा समाज कल्याण विकास

- अति विपन्न (**एकल महिला, पुरुष, घरेलु हिंसा पीडित महिला, संरक्षक विहिन ज्येष्ठ नागरिक र अशक्त अपांङ्ग**) नागरिकहरुलाई दिइने सिफारिसहरु निशुल्क गरिने छ ।
- जेष्ठ नागरिक,एकल महिला संरक्षण विहिन अपाङ्गता भएका व्यक्तिहरुलाई आफ्नो घर परिवार तथा समाजले उच्च सम्मानका साथ असल व्यवहार गर्ने वातावरण सृजना गर्ने गराईने छ र जेष्ठ नागरिकहरुलाई आवश्यकताको आधारमा औषधी उपचार खर्चको व्यवस्था गरिने छ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण गर्दै लगिने छ ।
- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता पाउने लक्षित समूहका व्यक्तिहरुको मुल अभिलेख अध्यावधिक गरी उक्त कार्यक्रमद्धारा लक्षित व्यक्तिहरुको विवरण एम.आई.एस. प्रणालीमा समयमै समावेश गरी उपलव्ध गराउने एवं अद्यावधिक गराइने छ ।
- खिजीदेम्वा गाउँपालिकामा रहेका विभिन्न जनजातिको भाषा धर्म संस्कृति संरक्षण तथा संवर्द्धन गर्न आवश्यक व्यवस्था गर्दै लगिने छ ।
- राज्यबाट पिछडिएका वर्ग, समुदाय र समाजको हित एवं उत्थानको लागि समावेशीकरण सिद्धान्तमा आधारीत सामाजिक न्याय कायम गर्न वितरणकारी कार्यक्रमहरु क्रमश सञ्चालन गरिने छ ।
- बालश्रम तथा सबै प्रकारका बाल दुर्व्यवहारलाई निरुत्साहित गर्ने नीति अबलम्बलन गरिने छ ।
- कानूनले अन्त्य गरीसकेको तर समाजमा अझै विद्यमान रहेको छुवाछुत प्रथाको अन्त्य गरी जातिय विभेदरहित समाज निर्माण गर्न पहल गरिनेछ ।
- लोपन्मुख, विपन्न, दलित, आदिवासी, जनजाती, एकल तथा अपाङ्ग भएका महिला, सिमान्तकृत लगायत वञ्चितिकरणमा परेका सबै समदायका महिला तथा किशोरीहरुको आयआर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

- सामुदायिक वनको व्यवस्थापन तथा संरक्षणलाई थप व्यवस्थित बनाईने छ ।
- सामुदायिक वनलाई काष्ठजन्य, जडिबुटी जन्य वनको रुपमा विकसित गर्ने नीति अवलम्बन गरिनेछ ।
- जडिबुटीको उत्पादन, संरक्षण, प्रशोधन कार्यक्रम अन्तर्गत समाजमा आर्थिक आम्दानीको स्रोत वृद्धि गर्न सरकारी, निजी तथा गैरसरकारी क्षेत्रलाई आकर्षित गराउने नीति अबलम्बन गरीने छ ।
- सरकारी सार्वजनिक खालि जग्गामा समुदायस्तरबाट आयआर्जनमा सहयोग पुर्याउने उपयोगि जडिबुटी तथा बृक्षारोपण गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।
- सामुदायिक वन जंगल एव जंगली जीवजन्तुको संरक्षणका लागि स्थानीय सामुदायिक वन उपभोक्ता समितिहरुलाई जिम्मेवार बनाउने नीति अवलम्बन गरिने छ ।
- जडीबुटीको उत्पादन एवं प्रशोधनका लागि जिल्ला वन डिभिजन कार्यालय, प्रदेश सरकार र संघीय सरकारलाई आवश्यक बजेट व्यवस्थाका लागि पहल गरिनेछ ।
- प्रत्येक वडा र टोलबस्तिमा उत्सर्जन हुने फोहोरमैला व्यवस्थापन गरी आ आफ्नो टोलबस्ती स्वच्छ र सफा गराउन टोल सुधार समिति एवं स्थानीय समुदायलाई सक्रिय बनाईने छ ।
- विपद् व्यवस्थापन कोषलाई थप प्रभावकारी बनाउँदै गाउँपालिकाको विपद् व्यवस्थापन योजनालाई प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ ।



खिजीदेम्वा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

वेद ... रोका
गा.पा. अध्यक्ष

- विपद् व्यवस्थापनमा उद्धार कार्यकालागि प्रत्येक वडामा वडा विपद् समिति अन्तर्गत युवा सम्मिलित भएको एक उद्धार समुह(Rescue Team) गठन गरी परिचालन गरिने व्यवस्था गरिने छ ।
- प्रत्येक वडामा विपद् व्यवस्थापनसँग सम्वन्धित औजार, उपकरण तथा सामाग्रीहरुको जोहो गरिनेछ । विपद् सम्भावित क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुमा पूर्व सतर्कता र सजगता अपनाइनेछ ।
- विपद् व्यवस्थापन कार्यक्रम अन्तर्गत आवश्यकताका आधारमा राहात तथा उद्धार कार्य गरिने छ ।

## सुशासन तथा संस्थागत विकास

- सार्वजनिक सेवालाई सरल, छिटो छरितो र प्रविधिमैत्री बनाइनेछ । नागरिकबाट प्राप्त हुने गुनासोको तत्काल समाधान गर्ने व्यवस्था मिलाईनेछ ।
- नेपालको संविधानको अनुसूचि ८ बमोजिमका आफ्ना अधिकारक्षेत्रका विषयमा संघ र प्रदेश सरकारको नीति तथा कानूनसंग नवाफिने गरी स्थानीय सरकार सञ्चालनलाई विधिवत गराउन आवश्यक पर्ने नीति तथा कानून तर्जुमा गरी विधिको शासन सञ्चालन गरिनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्ने तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- यस गाउँपालिका बाट प्रदान गरिने सेवाहरु दर्ता, चलानी, राजश्व संकलन, योजना तथा जिन्सी सम्बन्धि कार्यहरुलाई डिजिटाइजेसन गर्दैं लगिनेछ ।
- स्थानीय सरकारको सेवा जनउत्तरदायी गराउन स्थानीय प्रशासनलाई स्वच्छ, सक्षम, पारर्दशी उत्तरदायी एवं जवाफदेहि बनाउँदै आर्थिक एवं वित्तीय सुशासनलाई प्रवर्द्धन गरिनेछ । सूचना सम्प्रेषणको लागि सूचना प्रविधिको विकास तथा उपयोगबाट सर्वसाधारणको सूचनामा पहुँच सुनिश्चित गरिनेछ ।
- स्थानीय सरकारबाट सञ्चालन गरिने सेवा प्रवाहमा सुधार, शान्ति सुव्यवस्थाको सुदृढीकरण र सुशासन प्रर्वद्धन गदै सार्वजनिक सेवा प्रवाह गरिने छ ।
- स्थानीयस्तरमा हुने विवाद निरुपण गर्न हरेक वडामा रहेका मेलमिलापकेन्द्रहरुलाई सुदृढीकरण गरिनेछ । गाउँपालिकाको न्यायिक समितिको र मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- यस गाउँपालिकाबाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरु नियमित सञ्चालन गरिने छ ।
- **"म भ्रष्ट्रचार गर्दिन, म भ्रष्ट्रचार हुन दिन्न म देश र जनताका लागि इमान्दार भएर काम गर्ने छु "** भन्ने प्रतिज्ञाका साथ यस गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधीहरु र कर्मचारीहरु परिवार सिंगो गाउँपालिकाको समुन्नत विकासमा अगाडी बढिनेछ । भ्रष्टचार प्रति शुन्य सहनशिलता नीति अवलम्बन गरिनेछ ।
- जनप्रतिनिधीहरु एवं कर्मचारीहरुले पालना गर्नुपर्ने आचारसंहिता कडाईका साथ पालना गरिनेछ ।
- कार्यसम्पादनका आधारमा कर्मचारीहरुको मनोवल उच्च राख्न कर्मचारीहरुलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईने छ ।



खिजीदेम्बा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खिजीफलाटे, ओखलढुंगा

- गाउँ कार्यपालिका तथा वडा कार्यालयबाट प्राप्त हुने बस्तु तथा सेवा प्रवाह गर्ने प्रक्रिया तथा सेवा लिनका लागि लाग्ने समय र दस्तुर सम्बन्धी जानकारी सहितको नागरिक वडापत्रलाई( विद्युतीय नागरिक वडापत्र सहित) अद्यावधिक गरी गाउँ कार्यपालिका तथा वडा कार्यालयमा राख्ने व्यवस्था मिलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

- गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गर्ने सेवालाई प्रविधिमैत्री सेवाको रुपमा विकास गरिने छ ।
- गाउँपालिका तथा वडा कार्यालयबाट हुने सम्पूर्ण क्रियाकलापको पारदर्शिता, जवाफदेहीता एवं उत्तरदायी बनाउन सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिने छ ।

## आय आर्जन तथा रोजगारी सिर्जना

- कामका लागि पारिश्रमिक कार्यक्रमलाई रोजगारका विभिन्न कार्यक्रमहरुसंग आवद्ध गराई प्रभावकारी रुपमा उत्पादन मुलक रोजगारी सिर्जना गर्ने कार्यक्रम कार्यान्वयन गरिने छ ।
- स्थानीय स्रोत साधन पुँजी तथा प्रविधिको उपयोग गरी रोजगारीको सृजना गरिनेछ ।
- निष्कृय रुपमा रहेको श्रम तथा युवा शक्ति उपयोग कार्यक्रम अन्तर्गत विभिन्न प्रकारका सिप विकास तथा क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- महामारीका कारण रोजगारी गुमाएका श्रमिक, साना किसान, गरिब तथा विपन्न बर्गलाई लक्षित गरि सिप विकास तालिम र स्वरोजगारी एवं आय आर्जन सम्बन्धी आवश्यकताका आधारमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- विभिन्न क्षेत्रमा स्वरोजगार मुलक सिप विकासका तालिम सञ्चालन गरिने छ ।
- गाउँपालिका भित्र सञ्चालन गरिने अधिकांश विकास निर्माणका कार्यहरुलाई स्थानीय श्रम उपयोग हुने गरी सञ्चालन गरि दैनिक रोजगारीको अवसर सिर्जना गरिने छ ।
- युवा तथा अन्य उद्यमी र बैदेशिक रोजगारीबाट फर्केका अनुभवि तथा सिप युक्त उद्यमीहरुलाई आफ्नै गाउँ ठाउँमा उद्यम व्यवसाय सुरु गर्न आकर्षित गरि आर्यआर्जन तथा रोजगारी सिर्जनाको वातावरण बनाइने छ ।
- जडीबुटी उत्पादन तथा प्रशोधनबाट स्थानीय स्तरमा हुन सक्ने रोजगारी सिर्जनाका संभाव्यता अध्ययन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गरीने छ ।

## सार्वजनिक सुनुवाई/सामाजिक परीक्षण/आन्तरीक तथा अन्तिम लेखा परिक्षण

- वडा तथा गाउँ कार्यपालिकाको कार्यालयद्धारा सम्पादित कार्यहरुको जानकारी र गुणस्तर मापनका लागि सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण कार्यक्रमको आयोजना गर्नुका साथै आन्तरीक लेखा परिक्षण तथा आन्तरीक नियन्त्रण प्रणाली, अन्तिम लेखा परीक्षण तथा बेरुजु फछ्यौट जस्ता कार्यहरुलाई व्यवस्थित गरी कार्यान्वयनमा ल्याईने छ । आर्थिक बर्ष २०७४।०७५ देखि हाल सम्मको बेरुजु ८० प्रतिशत भन्दा बढी फछौंट भईसकेको हुँदा आगामी आर्थिक बर्षको लेखा परिक्षण सम्ममा सुन्य बेरुजु कायम गर्न आवश्यक व्यवस्था गरिनेछ ।



बिजीदिम्वा गाउँपालिका गाउँ कार्यपालकाको कार्यालय बिजीफलाटे, ओखलढुंगा

## जनता आवास कार्यक्रम

- गाउँपालिका भित्र बसोवास गर्ने गरिब तथा विपन्न परिवारका नागरीकहरुलाई सुरक्षित रुपमा बसोबासको प्रत्याभूति गराउन सञ्चालनमा रहेको यस कार्यक्रमबाट विभिन्न ९ वटा वडाको गरी ९७ लाभग्राहीहरुसँग सम्झौता गर्ने काम भईरहेको तथा आगामी आ.व.मा यस कार्यक्रमलाई निरन्तरता दिई सम्पन्न गर्ने  कार्यलाई पूर्णता दिईनेछ ।

## अन्य विविध क्षेत्रहरु

- स्थानीय कला, संस्कृति, भाषा, धर्म तथा चाडपर्वको संरक्षण तथा सम्बर्द्धन  गर्ने कार्यक्रमहरुलाई प्रोत्साहन दिइने छ ।
- सार्वजनिक रुपमा मनाईने विभिन्न प्रकारका स्थानीय चाडपर्वहरु : ग्याल्पो ल्होसार, सोनाम ल्होसार, चण्डीपुजा, क्रिस्मस, तमु ल्होसार आदी कार्यक्रमहरुमा १ दिन सार्वजनिक विदा दिईने छ ।
- खिजीदेम्वा गाउँपालिकाले आ.व.२०७४।०७५ देखि हाल सम्मको विकासका क्रियाकलापहरुको एकीकृत प्रगति प्रतिवेदन प्रकाशन गरिनेछ ।

- अन्त्यमा, **"खिजीदेम्वा गाउँपालिकाको लक्ष्य, विकास समृद्धि र सुन्दर भविष्य"** को हाम्रो महान अभियानमा प्रत्यक्ष, अप्रत्यक्ष रुपले साथ र सहयोग गर्नुहुने केन्द्र तथा प्रदेश सरकार, गाउँपालिका परिवार, राजनीतिक दलहरु, नागरीक समाज, सहकारी संस्था, गैरसरकारी संघ संस्थाहरु, निजी क्षेत्र, समाजसेवी तथा वुद्धिजिवीहरु, कर्मचारी, सुरक्षाकर्मि, पत्रकार लगायत सम्पूर्णमा खिजीदेम्वा गाउँपालिकाको तर्फबाट हार्दिक कृतज्ञता तथा धन्यवाद  ज्ञापन गदै आगामी दिनहरुमा पनि निरन्तर साथ र सहयोगको अपेक्षा गरिएको छ ।

**जय खिजीदेम्वा**

प्रश्तुतकर्ता
वेद बहादुर रोका
अध्यक्ष

खिजीदेम्वा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खिजीफलाटे, ओखलढुंगा